रु.जि.प्र.का.द.नं. ७३/०६१/६२
रु.जि.हु.का.द.नं. २२/०७४/०७५
नेपाली राष्ट्रिय दैनिक
दैनिक पत्र
dainikpatra.com

# मासु व्यवसायी संघ नेपाल, रूपन्देहीको १५औं वार्षिक साधारणसभा




बुटवल, ९ चैत (दैपस) - मासु व्यवसायी संघ नेपाल, रूपन्देहीको २१औं स्थापना दिवस, १५औं वार्षिक साधारणसभा तथा ८ औं अधिवेशन विभिन्न महत्वपूर्ण एजेण्डासहित सम्पन्न भएको छ। "फ्रिज गरिएको मासु खाऔं, स्वस्थ बनौं" तथा राष्ट्रिय अर्थतन्त्र सुदृढीकरणको नारासहित आयोजित कार्यक्रममा राजनीतिक, आर्थिक र कृषि क्षेत्रका चुनौतीहरूबारे व्यापक छलफल गरिएको थियो। कार्यक्रमका रूपन्देही क्षेत्र नं. २ बाट निर्वाचित प्रतिनिधि सभा सदस्य सुलभ खरेलले देशले चैत १३ गते नयाँ प्रधानमन्त्री पाउने दावी गर्दै अब छिट्टै नयाँ सरकार गठन हुने संकेत गरे। उनले संघीय सरकारका केही सीमितता रहेको उल्लेख गर्दै कृषि तथा पशुपालन जस्ता क्षेत्रका धेरै अधिकार स्थानीय तहमा रहेको बताए। साथै, व्यवसायीका मागहरू सम्बन्धित निकायमार्फत सम्बोधन गरिने आश्वासन दिए।

कार्यक्रमका प्रमुख अतिथि समेत रहेका खरेलले रास्वपाले गृह मन्त्रालय सम्हालेको बेला सिमानाका कडाई गरिएको स्मरण गर्दै आगामी दिनमा अझ सशक्त ढंगले काम गर्ने बताए। खुला सिमानाबाट हुने अवैध कृषि तथा मासुजन्य वस्तुको आयातले नेपाली व्यवसायी प्रभावित भएको उल्लेख गर्दै त्यसलाई नियन्त्रण गर्ने प्रतिबद्धता जनाए। कर वृद्धिका कारण व्यवसायीलाई परेको समस्यालाई स्वीकार गर्दै न्यायोचित कर प्रणाली ल्याउने संकेत पनि उनले गरे। कार्यक्रममा कुखुरापालक किसान संघका ऋषिराम काफ्लेले खुला सिमानाका कारण नेपाली किसानहरू मारमा परेको गुनासो गरे। भारतबाट हुने अवैध आयातले स्वदेशी उत्पादनलाई प्रतिस्पर्धा गर्न गाह्रो भएको उनको भनाइ थियो। समानुपातिकबाट निर्वाचित प्रतिनिधि सभा सदस्य मञ्जु भुसालले व्यवसायीका समस्या बुझेर सहकार्य गर्न तयार रहेको बताइन्।


मासु व्यवसायी संघ रूपन्देहीका अध्यक्ष विशाल थापाले अध्यक्षको वार्षिक प्रतिवेदन र आगामी कार्यदिशाबारे महत्वपूर्ण एजेण्डाहरू अघि सारे। उनले उत्पादन विभाग गठन गरी मासुजन्य कृषि उत्पादनका कार्यक्रमहरू विस्तार गर्ने, मासुको गुणस्तर कायम गर्न भेला, प्रशिक्षण तथा सचेतना गोष्ठी सञ्चालन गर्ने योजना प्रस्तुत गरे। साथै व्यवसायीहरूको सामाजिक सुरक्षा र दुर्घटना बीमा कार्यक्रमलाई अघि बढाउने तथा तीनै तहका सरकार र सरोकारवाला पक्षसँग समन्वय गर्दै आवश्यक पहल गर्ने प्रतिबद्धता जनाए। उपभोक्ता हित संरक्षण समितिका केन्द्रीय उपाध्यक्ष तेजकुमार पाठकले गुणस्तरमा कुनै सम्झौता नगर्न व्यवसायीलाई आग्रह गरे। बुटवल उपमहानगरपालिकाका पशुपन्छी विकास शाखा प्रमुख झबिन्द्र बञ्जाडेले स्थानीय सरकार व्यवसायीलाई सहजीकरण गर्न प्रतिबद्ध रहेको जनाउँदै गुणस्तरीय मासु र तोकिएको मूल्यमा बिक्री गर्न सुझाव दिए। उपभोक्ता हित संरक्षण समिति बुटवलका अध्यक्ष समुन्द्र जीसीले बजार अनुगमनलाई निरन्तरता दिइएको बताउँदै खुला सिमानाबाट आउने अवैध खाद्य वस्तुले चुनौती थपिएको उल्लेख गरे। उनले वधस्थलको अवस्था सुधार गर्न र माछा-मासु अलग-अलग राख्ने मापदण्ड पालना गर्न जोड दिए।

त्यस्तैगरी रूपन्देही व्यापार संघका अध्यक्ष प्रकाश ढकालले स्थिर सरकारले व्यवसाय जोगाउने नीति ल्याउनुपर्ने आवश्यकता औंल्याए। सार्वजनिक खरिद ऐन समयानुकूल परिमार्जन नभएको र टेन्डर प्रक्रिया अस्तव्यस्त भएको उनको गुनासो थियो।

बुटवल उद्योग वाणिज्य संघका कार्यबाहक अध्यक्ष टंक प्रसाद गैरेले व्यवसायीहरूले लगानी अनुसारको प्रतिफल पाउन नसकेको बताए भने महिला उद्यमी होमादेवी पौडेलले महिलाहरू उद्यमशीलतामा सक्रिय बन्दै गएको उल्लेख गरिन्।

कार्यक्रममा संघका महासचिव थानिश्वर सुवेदीले महासचिवको प्रगति प्रतिवेदन, कोषाध्यक्ष अहमद हुसेनले अनुमानित बजेट तथा कार्यक्रम प्रस्तुत गरेका थिए। सोही अवसरमा संस्थापक अध्यक्ष मोहन कुमार शाही, निवर्तमान अध्यक्ष चुरामणि घिमिरे र कृषकहरूलाई सम्मान समेत गरिएको थियो। अधिवेशनले नयाँ नेतृत्व समेत चयन गर्ने जनाएको छ।

## प्रेस सेन्टर केन्द्रीय अनुशासन आयोग अध्यक्षसहित ७ जनाले दिए राजीनामा



भैरहवा, ९ चैत (दैपस)- प्रेस सेन्टर नेपालका केन्द्रीय अनुशासन आयोगका अध्यक्ष गु नाराम घिमिरेसहित ७ जनाले सामूहिक राजीनामा दिनुभएको छ। प्रेस सेन्टरको साधारण सदस्य समेत नरहने गरी सोमबार केन्द्रीय अध्यक्षसमक्ष राजीनामा पेश गरिएको घिमिरेले जानकारी दिनुभयो।

अबदेखि आफूहरू स्वतन्त्र रूपमा काम गर्ने उहाँले बताउनुभयो। घिमिरेले लुम्बिनी प्रदेशका पूर्व प्रदेश प्रमुख अमिक शेरचनको प्रेस सल्लाहकारको रूपमा पनि काम गर्नुभएको थियो।

राजीनामा दिनेमा प्रेस सेन्टरका पूर्व केन्द्रीय सदस्य भुवन कार्की, रूपन्देहीको पूर्व जिल्ला उपाध्यक्ष शारदा शाही, पूर्व जिल्ला सचिव मोहन न्यौपाने, सह-सचिव कल्पना घिमिरे, जिल्ला सदस्यद्वय प्रकाश पाण्डे र नेत्र रुचाल रहनुभएको छ।

## तिनाउमा डुबेर बेपत्ता भएका दुई भारतीयको शव भेटियो

पाल्पा, ९ चैत (दैपस)- पाल्पाको तिनाउ गाउँपालिका-३ स्थित तिनाउ खोलामा डुबेर बेपत्ता भएका दुई भारतीय युवकको मृत्यु भएको छ।

मृत्यु हुनेमा भारतको उत्तर प्रदेशस्थित सन्तकबिर नगरका १७ वर्षीय फहरान अन्सारी र १७ वर्षीय अमान अन्सारी रहेका छन्। प्रहरीका अनुसार चैत ९ गते बिहान करिब १० बजे डुबेको स्थानभन्दा करिब एक सय मिटर तल फहरान अन्सारीको शव फेला परेको हो।

यस्तै अमान अन्सारीको सोमबार दिउसो अमान अन्सरीको शव फेला परेको सहायक प्रमुख जिल्ला अधिकारी ऋषिराम सुवेदीले जानकारी दिए। उनीहरूसँगै घुक्न आएका अन्य सात जना भने सकुशल रहेका छन्। घटनाबारे थप अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ।

## इरानको प्रतिक्रिया- हाम्रो कडा चेतावनीपछि ट्रम्प पछि हट्न बाध्य भए

काठमाडौं, ९ चैत- इरानका आणविक संयन्त्रहरूमा आक्रमण स्थगित गर्ने अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको निर्णयलाई इरानले पछि हट्न बाध्य भएको भनेर कडा टिप्पणी गरेको छ। अफगानिस्तानको काबुलस्थित इरानी दूतावासले ट्रम्पले इरानको "कडा चेतावनी" पछि आक्रमण नगर्ने निर्णय गरेको प्रतिक्रिया दिएको छ। दूतावासका अनुसार इरानको स्पष्ट सन्देशपछि अमेरिका पछि हट्न बाध्य भएको हो।

यसैबीच, इरानी समाचार एजेन्सी तस्निमले पनि ट्रम्पको निर्णयलाई 'पछाडि हटेको' रूपमा व्याख्या गर्दै टिप्पणी गरेको छ। ट्रम्पले यसअघि इरानका आणविक तथा ऊर्जा संरचनामाथि ४८ घण्टाभित्र आक्रमण गर्ने चेतावनी दिएका थिए। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले विगत दुई दिनमा अमेरिका र इरानबीच भएको वार्ता फलदायी बनेको र इरानविरुद्ध हुने अमेरिकी आक्रमणहरू पाँच दिनका लागि रोक्ने निर्णय गरेको बताएका छन्।

ट्रम्पले सामाजिक सञ्जाल ट्रुथ सोसलमा 'मध्यपूर्वमा हाम्रा शत्रुताहरूको पूर्ण र समग्र समाधानको सम्बन्धमा धेरै राम्रो र फलदायी कुराकानी' भएको उल्लेख गरेका छन्। ट्रम्पका अनुसार इरानको ऊर्जा पूर्वाधारमा हुने सबै अमेरिकी आक्रमणहरू पाँच दिनका लागि रोक्ने निर्णय भएको छ। यसअघि, इरानको राष्ट्रिय रक्षा परिषद्ले इरानी तट वा टापुहरूमा आक्रमण गर्ने कुनै पनि प्रयासले 'फारसको खाडीका सबै सञ्चार लाइनहरूमा माइन (विस्फोटक पदार्थ) बिछ्याइनेछ' भनेको थियो।

**वैदेशिक रोजगारमा जानेले घरमा छोड्नुपर्ने कागजात।**

- राहदानी र नागरिकताको प्रतिलिपि,
- वैदेशिक रोजगार विभागबाट लिएको श्रम स्वीकृतिको प्रतिलिपि,
- निरोगिताको प्रमाणपत्रको प्रतिलिपि,
- अभिमुखीकरण तालिम लिएको प्रमाणपत्रको प्रतिलिपि,
- म्यानपावर संस्थालाई तिरेको रकमको भरपाई,
- रोजगारदातासँग गरेको करार सम्झौताको प्रतिलिपि,
- बीमा गराएको कागजको प्रतिलिपि,
- कल्याणकारी कोषमा रकम जम्मा गरेको प्रमाणको प्रतिलिपि,
- विदेशमा काम गर्ने कम्पनीको नाम, ठेगाना, सम्पर्क नम्बर र कामको विवरण,

**वैदेशिक रोजगारमा रहँदा कठिनाइ उत्पन्न भए यस्ता कागजात महत्वपूर्ण हुन्छन्**

नेपाल सरकार
विज्ञापन बोर्ड

**नेशनल**
मल्टीस्पेसियलिटी क्लिनिक
सुपर स्पेसियलिटी केयर सेन्टर

नेशनल मल्टीस्पेसियलिटी क्लिनिक, विशिष्ट विशेषज्ञ डाक्टरहरूद्वारा प्रदान गरिने सेवाहरू साथ

**डा. कृष्ण कुमार अग्रवाल**
वरिष्ठ मधुमेह (सुगर), ब्लड प्रेशर तथा मृगौला रोग विशेषज्ञ
MBBS, MD Internal Medicine, DM (Nephrology)
DFID (Diabetes), PGPO (Diabetes)
FACP (USA), FASN (USA)
NMC No.: 6090

**डा. सुदीप सापकोटा**
वरिष्ठ जनरल तथा ल्याप्रोस्कोपीक सर्जन
MBBS, MS (Surgery), BPKIHS, Dharan
Consultant Surgeon (General & Laparoscopic)
NMC No.: 5880

**डा. उमानाथ अधिकारी**
वरिष्ठ मधुमेह, थाइराइड तथा हर्मोन रोग विशेषज्ञ
M.D. Internal Medicine (I.O/M. TUTH)
DM Endocrinology (Pgimer, India)
NMC No.: 12224

**डा. पुकार घिमिरे**
वरिष्ठ न्यूरोलोजिष्ट
MD Internal Medicine (IOM, TUTH)
DM Neurology (IOM, TUTH)
NMC No.: 11519

**डा. युधिष्ठिर राज खड्का**
वरिष्ठ हाडजोर्नी, मेरुदण्ड, नशा तथा बाथ रोग विशेषज्ञ
MBBS, MS Orthopaedics and Trauma Surgery
Fellowship: Spine Surgery
NMC No.: 10262

**डा. उमेश जायसवाल**
प्रसुती तथा स्त्री रोग विशेषज्ञ
MBBS, M.D. (T.U.) OBS & GYNAE
Consultant Obstetrician & Gynaecologist
NMC No.: 18355

**डा. युवराज भुसाल**
बरिष्ठ पेट, आन्द्रा, कलेजो, प्यान्क्रिया तथा पित्त रोग विशेषज्ञ
MBBS, (BPKIHS), MD Internal Medicine (KU)
DM Gastroenterology & Hepatology (BIR HOSPITAL)
वीर अस्पताल, काठमाण्डौ
NMC No.: 13284

भुड्की चोक, श्रवणपथ, बुटवल / फोन नं.: ०७१-५३४५०६, मोबाईल नं.: ९८५११९१८५६
E-mail: nationalmultispecilityclinic@gmail.com / Website: www.nmcbutwal.com

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना !

**प्रथम पटक प्रकाशित मिति २०८२/१२/१० गते**

समावेशी वित्तीय प्रणालीको निर्माण गर्ने अभियान अनुरुप सामुदायिक बैङ्किङ संचालन तथा प्रवर्द्धन गर्नका लागि स्थापित नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "घ" वर्गको वित्तीय संस्था पूर्वको पर्सा देखि कञ्चनपुर सम्मका तराईका ११ वटा जिल्ला र पहाडी ८ वटा जिल्ला गरी जम्मा १९ जिल्ला कार्यक्षेत्र रहेको यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय बुटवल, रुपन्देहीमा रहेको छ। यस वित्तीय संस्थाको विभिन्न तहमा केही कर्मचारीहरुको आवश्यकता परेकाले देहाय बमोजिमको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तोकिएको ठेगानामा आवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| विज्ञापन नं. | पद | श्रेणी | संख्या | आवश्यक न्यूनत्तम शैक्षिक योग्यता/कार्यअनुभव |
|---|---|---|---|---|
| ५/२०८२/०८३ | **कनिष्ठ अधिकृत** | अधिकृत | **२ जना** | स्नातकोत्तर उत्तीर्ण गरी बैंक तथा वित्तीय संस्था, सामुदायिक बैंकिङ संग संबन्धित क्षेत्रमा कम्तीमा १ वर्ष वा स्नातक उत्तीर्ण गरी बैंक तथा वित्तीय संस्था, सामुदायिक बैंकिङ संग संबन्धित क्षेत्रमा कम्तीमा २ वर्ष प्रविणता प्रमाण पत्र तह उत्तीर्ण गरि वरिष्ठ सहायक पदमा २ वर्ष कार्य गरेको अनुभव **(आईटी सम्बन्धी शैक्षिक योग्यता तथा अनुभव भएकालाई विशेष प्राथमिकता दिईनेछ)** |
| ६/२०८२/०८३ | **वरिष्ठ सहायक** | सहायक | **४ जना** | प्रबिणता प्रमाणपत्र उत्तीर्ण गरी बैंक तथा वित्तीय संस्था, सामुदायिक बैंकिङसँग सम्बन्धित क्षेत्रमा कम्तीमा २ वर्षको कार्यअनुभव |
| ७/२०८२/०८३ | **कनिष्ठ सहायक** | सहायक | **केही** | एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण गरी सम्बन्धीत क्षेत्रमा ६ महिनाको कार्यअनुभव। |
| ८/२०८२/०८३ | **प्रशिक्षार्थी सहायक** | सहायक | **केही** | एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण। |

**उमेरः– अधिकृत श्रेणीः** १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको र सहायक श्रेणीः १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको साथै महिला उमेद्वारको हकमा माथिल्लो उमेरको हदमा ५ वर्ष थप हुनेछ।

**परिक्षाको किसिम :–** अन्तर्वार्ता तथा छलफल।

**प्राथमिकतामा पर्नेः**

- लाईसेन्स भई मोटरसाइकल/स्कुटर समेत भएकालाई विशेष प्राथमिकता दिईनेछ।

**दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु :–**
रितपूर्वक भरिएको संस्थाको दरखास्त फारम, व्यक्तिगत विवरण (बाँयोडाटा), नेपाली नागरिकता प्रमाण-पत्रको छाँया प्रति, शैक्षिक योग्यताको प्रमाण-पत्रको छाँया प्रति, कार्यअनुभव तथा तालिमका प्रमाण-पत्रहरुको छाँया प्रति, सवारी साधन चालक अनुमति पत्रको छाँया प्रति (भएमा), हालसालै खिचेको पासपोर्ट साइजको फोटो १ प्रति

**दरखास्त फारम :–** यस वित्तीय संस्थाको वेभसाइट www.jucbank.com.np मा गई Download मा राखिएको दरखास्त फारम डाउनलोड गर्न सकिनेछ।

**आवेदन बुझाउने स्थान :–** वित्तीय संस्थाको वेभसाईटमा Publication भित्र Career भित्र Apply Now मा गई आवेदन फर्म भर्न सकिने छ। प्राप्त दरखास्तहरु कारण खोली वा नखोली कुनै वा सबै, अस्वीकृत गर्न सक्ने अधिकार वित्तीय संस्थामा सुरक्षित रहनेछ।

**(नोटः रितपूर्वक परेका दरखास्त मध्ये छनौट सूचीमा परेका उम्मेद्वारहरुलाई मात्र परिक्षामा सामेल गरिनेछ।)**

पदपूर्ति समितिः
**जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लि.**
केन्द्रीय कार्यालयः बुटवल–१०, कालिकानगर, रुपन्देही।
फोन नं. ०७१-४३८१७१, Website:- www.jucbank.com.np

**सुनवल नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**सुनवल, नवलपरासी (ब. सु. प.)**
**लुम्बिनी प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृति गर्ने आशयको ७ दिने सूचना

**प्रकाशित मितिः २०८२/१२/१०**

यस कार्यालयको आ.व.२०८२/०८३ को तपसिलमा उल्लेखित खरदि कार्यको लागि मिति २०८२-१०-२७ गतेको पहिलो पटक www.bolpatra.gov.np/egp मा प्रकाशित E–bidding मार्फत सार्वजनिक सूचना आह्वान गरिए बमोजिम नियमानुसार म्याद भित्र पर्न आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमका बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भै स्विकृतिका लागी छनोट भएकोले सार्वजनिक खरिद ऐन २०६३ दफा २७ को उपदफा (२) र (३) प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.स. | ठेक्का नं. | योजनाको विवरण | स्वीकृत हुने फर्मको नाम | कबोल अंक (रु) भ्याट सहित |
|---|---|---|---|---|
| 1 | 31.SUN/NCB/GOODS/2082/83 | Procurement of ICT Equipments for Sunwal Municipality | Computer Service Center, Milanchowk, Butwal, Rupandehi | 19,76,370.00 |

**बोधार्थ**

| | |
|---|---|
| 1 | N.P Trade and Stationary, Baneshwor-34, Kathmandu |

**Buddhabhumi Municipality**
**Office of Municipal Executive**
**Hanumanchowk, Buddhi Kapilvastu**
**Lumbini Province**

## Invitation for Electronic Bids

**Date of First publication: 18th Mar.2026**

1. The Buddhabhumi Municipality, Office of the Municipal Executive, Hanumanchowk, Buddhi Kapilvastu invites electronic bids from eligible bidders for the procurement of following Works. The bidders can visit the PPMO website for the brief description with Public Entityname: Buddhabhumi Municipality Office, Kapilbastu.

| S. N. | Contract ID | Name of Projects | Estimated Amount (Inclusive/ Exclusive VAT) (NRs.) | Bid Security (NRs.) amount | Account No. For Bid Security | Bid Doc fee | Account No.For Bid Doc fee. | Final Date of Bid Submission and time |
|---|---|---|---|---|---|---|---|---|
| i. | 44/BM/BDG/2082/83 | Construction of School truss Building at Siddartha Smarak Ma.vi. ward 01 | 2240323.46 (Inclusive VAT & P.S. ) | 57000.00 | NMB Bank Ltd. GORUSINGE BRANCH , Sthaniya Taha Dharauti Khata 0440055997600041 | 3,000.00 | NMB Bank Ltd. GORUSINGE BRANCH, Antarik Rajaswo Khata 0440055997600012 | 17th Apr 2026 12:00 Pm |
| ii. | 45/BM/BDG/2082/83 | Construction Of school building at Jana Jyoti Aa.bi ward 01 | 1457741.02 (Inclusive VAT & P.S.) | 37000.00 | NMB Bank Ltd. GORUSINGE BRANCH , Sthaniya Taha Dharauti Khata 0440055997600041 | 1,000.00 | NMB Bank Ltd. GORUSINGE BRANCH, Antarik Rajaswo Khata 0440055997600012 | 2nd Apr, 2026 12:00 Pm |

2. Pre-bid meeting shall not be held.
3. Bid opening date 2nd and 17th Apr 2026 at 13:00, office of Buddhabhumi Municipality Office, Kapilbastu
4. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission

**Chief Administrative Officer**

बुटवल मिडिया प्रकाशन प्रा.लि. द्वारा प्रकाशित दैनिक पत्र राष्ट्रिय दैनिकका लागि अध्यक्षः महेशमान सिंह, वरिष्ठ सल्लाहकार : नारायणप्रसाद अग्रवाल, अर्थ–सल्लाहकारः अनुपमान सैंजु, व्यवस्थापक : मञ्जु पौडेल, सल्लाहकार–सम्पादक : ऋषि आजाद, कार्यकारी प्रमुख एवं प्रधान सम्पादक : डा. बालकृष्ण चापागाईं
प्रधान कार्यालयः बुटवल-८, बुद्धपथ, रूपन्देही, फोन नं. ०७१-५५४३४५, ५५४३४६, मो. नं. ९८६४५६३१०५/९८६४५६३१०६, भैरहवाः ०७१-५७३२२४, इमेलः dainikadd@gmail .com(Advt .), butwalmedia@gmail .com (News), mediabutwal@gmail .com(Article), URL:www .dainikpatra .com, सहकार्यः हाइटेक अफसेट प्रकाशन प्रा.लि., मुद्रणः पश्चिमाञ्चल सञ्चार गृह प्रा.लि.